# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियामावली, २०६५ को नियम (३) वमोजिम सार्वजनिक गरिएको विवरण

(२०८१ बैशाख देखि असार सम्म )

## राष्ट्रिय सतर्कता केन्द्र
## सिंहदरवार, काठमाडौं

२०८१ साउन

**क. निकायको स्वरूप र प्रकृति:** यस राष्ट्रिय सतर्कता केन्द्रको भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियनत्रण गर्न तथा भ्रष्टाचार विरुद्व जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ को प्रावधान अनुसार २०५९।४।२७ मा यस संस्थाको स्थापना भएको हो ।यसले प्रचलित कानून वमोजिम भ्रष्टाचार विरुद्ध निरोधात्मक (Preventive) र प्रवर्द्धनात्मक ( Promotional) कार्यहरु गर्दछ ।

**ख. निकायको काम, कर्तव्य र अधिकार:** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३८ मा उल्लेख भए अनुसार राष्ट्रिय सकर्कता केन्द्रको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

१. सूचना संकलन तथा प्रारम्भिक छानविन गर्ने,
२. अनुगमन गर्ने,
३. सतर्क गराउने र कारवाहीका लागि लेखी पठाउने,
४. सुझाव तथा निर्देशन दिने,
५. समय पालना अनुगमन,
६. सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने,
७. नागरिक वडापत्रको कार्यान्वयन अनुगमन गर्ने,
८. निगरानी, छड्के जाँच तथा अन्वेषण गर्ने,
९. प्राविधिक परिक्षण गर्ने,
१०. जनचेतना अभिवृद्धि सम्वन्धी काम गर्ने,
११. प्रतिवेदन पेश गर्ने ।

**ग. निकायमा रहने कर्मचारीको संख्या:**

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| निजामती तर्फ | | | | | | |
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव (प्र). | रा.प.प्रथम | प्रशासन | | | २ |
| ३ | सहसचिव (प्रा.) | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ४ | उपसचिव ( प्र.) | रा.प.द्वि | प्रशासन | सा.प्र. | — | ५ |
| ५ | उपसचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | — | १ |
| ६ | उपसचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | — | २ |
| ७ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| ८ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ९ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जन. इले. | १ |
| १० | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | सि.डि.ई. | रा.प.द्वि. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | - | २१ |
| १४ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | — | २ |
| १५ | कानून अधिकृत | रा.प.तृ | न्याय | कानून | — | २ |
| १६ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्ड आर्किटेक्ट | २ |
| १७ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| १८ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| १९ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| २० | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १ |
| २१ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | एयरपोर्ट | १ |
| २२ | नापी अधिकृत | रा.प.तृ. | ईन्जिनियरिङ | सर्भे | — | १ |
| २३ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | हाइड्रोपावर | १ |
| २४ | ईन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | ई .एण्ड टेलिकम.ई. | — | १ |
| २५ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | जन. मेका. | १ |
| २६ | मेकानिकल इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | मेकानिकल | नि.उप.सं | १ |
| २७ | वातावरणविद् | रा.प.तृ. | विविध | — | — | १ |
| २८ | इन्जिनियर | रा.प.तृ. | विविध | कम्प्युटर | — | १ |
| २९ | समाजशास्त्री | रा.प.तृ. | विविध | — | — | १ |
| ३० | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | — | — | २ |
| ३१ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | — | १५ |
| ३२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | — | २ |
| ३३ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | हाइवे | १ |
| ३४ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | १ |
| ३५ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | १ |
| ३६ | सब—इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | वि.एण्ड आर्किटेक | १ |
| ३७ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | ईन्जिनियरिङ | सिभिल | जनरल | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३८ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | इलेक्ट्रीकल | जनरल इलेक्ट्रि. | १ |
| ३९ | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | मेकानिकल | निर्माण उपकरण संभार | १ |
| ४० | सब—ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | ई .एण्ड टेलिकम.ई. | — | १ |
| ४१ | ल्याब असिस्टेन्ट | रा.प.अनं. प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ४ |
| ४२ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | — | — | ६ |
| ४३ | ल्याब ब्वाई | रा.प.अनं.द्वि).प्रा( | इन्जिनियरिङ्ग | सिभिल | जनरल | २ |
| | जम्मा | | | | | ९६ |
| १. | ह.स.चा | श्रेणी विहीन | | | | १० |
| २. | का.सहयोगी/पाले / स्वीपर | श्रेणी विहीन | | | | १७ |
| | निजामती जम्मा (क) | | | | | १२३ |

राष्ट्रिय सतर्कता केन्द्र प्रहरी तर्फ

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी |
|---|---|---|---|---|---|
| १ | प्रहरी नायव महानिरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| २ | वरिष्ठ प्रहरी उपरीक्षक | रा.प. प्रथम सरह | प्रहरी | रा.स.के. प्रहरी | १ |
| ३ | प्रहरी उपरीक्षक | रा.प. द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ५ |
| ४ | प्रहरी नायव उपरीक्षक | रा.प.द्वितीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ८ |
| ५ | प्रहरी निरीक्षक | रा.प. तृतीय सरह | प्रहरी | रा.स.के. प्रहरी | ९ |
| | जम्मा | | | | २४ |

५. **निकायवाट प्रदान गरिने सेवाः** सार्वजनिक निकायवाट प्रदान हुने सेवाको वारेमा गुनासो/उजुरी संकलन गरी कारवही अगाडी वढाउने ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः दस्तुर नलाग्ने** (प्रतिलिपी माग गरेमा नियमानुसार लाग्ने ), ऐन नियमले तोकेको अवधिमा दिने ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** केन्द्रको निर्देशिका अनुसार हुने ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** सहसचिव (प्रशासन तथा अनुगमन महाशाखा )

९. **सम्पादन गरेको कामको विवरणः** (२०८१ बैशाख १ गते देखि २०८१ असार मसान्त सम्म)

(क) गत आ.व. वाट अ. ल्या. भई आएका २७० तथा चालु आ.व.को असार मसान्त सम्ममा प्राप्त भएका १,३६५ सहित जम्मा १,६३५ वटा उजुरीहरु मध्ये यस अवधिमा १,०२६ वटा उजुरीहरु फछ्र्यौट गरिएको ।

(ग) फछ्र्यौट भएका १,०२६ वटा उजुरी मध्ये छानविन पश्चात ध्यानाकर्षण/सतर्क गराइएको ७ वटा,

सुझाव दिइएको २ वटा, निर्देशन दिइएको २१८ वटा, थप छानविनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको ११ वटा र ७८८ वटा उजुरीहरु तामेलीमा राखिएको । यी कार्यहरुले समग्र सुशासन कायम गर्न सघाउ पुऱ्याएको ।

(घ) यस अवधिमा ९ वटा छानविन टोली गठन भएको तथा छानविन टोलीवाट ६ वटा प्रतिवेदन पेश भएको ।

(ङ) चालु आ.व. मा ४८५ वटा विभिन्न मन्त्रालयहरु, केन्द्र र कार्यालयमा गरिएको समय पालना र पोशाक सम्वन्धी अनुगमनमा २,२८६ जना कर्मचारीहरु तोकिएको समयमा कार्यालयमा हाजिर नभएको र ४७२ जनाले तोकिए वमोजिमको पोशाक नलगाएको पाइयो ।यसरी समय पालना नगर्ने र तोकिएको पोशाक नलगाउने निजामती सेवाका कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा ५५(क) बमोजिम, स्वास्थ्य सेवाका कर्मचारीहरुलाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६८ बमोजिम र करार सेवाका कर्मचारीहरुलाई सेवा करार सम्झौता बमोजिम कारवाही गर्न अनुरोध गरी सम्वन्धित निकायमा लेखी पठाइएको यसवाट कर्मचारीहरुवाट तोकिएको आचारसंहिता पूर्ण रुपमा पालना हुने अपेक्षा गरिएको

(च) चालु आ.व. मा ४४९ वटा कार्यालयहरुमा नागरिक वडापत्रको अनुगमन गरिएको ।यसवाट सेवा प्रवाहमा प्रभावकारिता आउने अपेक्षा गरिएको ।

(छ) चालु आ.व. मा यस केन्द्रवाट ४ वटा जिल्लामा **"भ्रष्टाचार नियन्त्रणः हाम्रो साझा दायित्व"** विषयक

सुशासन प्रवर्द्धनको गोष्ठी सम्पन्न गरिएको । यसवाट सुशासन प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा गरिएको

(ज) चालु आ.व. मा सम्म १० वटा स्थानीय तहहरुमा कर्मचारी /जनप्रतिनिधिहरुलाई भ्रष्टाचार विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको ।यसवाट स्थानीय तहमा सदाचार प्रवर्धनमा सघाउ पुग्ने अपेक्षा गरिएको ।

(झ) यस अवधिमा २८ वटा कार्यालयहरुमा सार्वजनिक सेवा प्रवाहको सुक्ष्म निगरानी गरिएको ।यसवाट सुशासनको प्रवर्धनात्मक भूमिका मार्फत सेवा प्रवाह र विकास व्यवस्थापन एवं निर्माण क्षेत्रमा सुशासनको अनुभूति गराउन सकारात्मक भूमिका थप भएको अपेक्षा गरिएको ।

(ञ) कास्की जिल्लाको पोखरा, धनुषा जिल्लाको जनकपुरधाम र मकवानपुर जिल्लाको हेटौडामा भ्रष्टाचार न्यूनिकरणका लागि प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सम्पन्न गरिएको ।यसवाट आयोजना (निर्माण क्षेत्र) को गुणात्मक सुधार गरी सुशासन कायम गर्न सघाउ पुऱ्याएको विश्वास गरिएको ।

(ट) चालु आ.व.मा ३१ वटा राष्ट्रिय गौरव/अन्य आयोजना र दोश्रो सडक सुधार आयोजनाका ६७ वटा सहित जम्मा ९८ वटा आयोजनाहरुको प्राविधिक परीक्षण गरिएको र गुणस्तरीय परीक्षण गर्न २५ जना ईञ्जिनियिहरुलाई प्राविधिक परीक्षक तालिम प्रदान गरिएको ।

(ड) संघीय, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरुमा कार्यरत सार्वजनिक पद धारण गरेका कर्मचारी एवं पदाधिकारीहरुले आ.व. ०७९/८० को सम्पत्ति विवरण वुझाए/ नवुझाएको सम्वन्धी प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरिएको । प्रतिवेदन अनुसार

सम्पत्ति विवरण वुझाउने दायित्व भएको ७,४६,४६३ जना पदाधिकारी तथा कर्मचारी मध्ये ७,३९,७५८ जना (९९.१० प्रतिशत) ले प्रचलित कानून बमोजिम सम्पत्ति विवरण वुझाएका तथा ६,७०५ जना (०.९० प्रतिशत) ले सम्पत्ति विवरण नवुझाएका । सम्पत्ति विवरण वुझाउने पदाधिकारी/कर्मचारीको संख्या एवं प्रतिशत हरेक वर्ष बढ्दै जाँदा यसले सदाचार कायम गराउँदै सुशासनमा टेवा पुगेको अपेक्षा गरिएको ।

(ढ) केन्द्रको कूल वेरुजु रु. १,४०,६९५/-( अक्षेरुपी एक लाख चालिस हजार छ सय पन्चानव्वे मात्र) रहेकोमा सो असुल उपर गरी लगत कट्टाका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको । हाल केन्द्रमा वेरुजु अंक शून्य रहेको ।यसले वित्तिय अनुशासनमा प्रभावकारिता बढेको ।

(ण) उजुरी उपर छानविन गरी प्राप्त प्रतिवेदनहरु मध्ये महत्वपूर्ण प्रतिवेदनहरु केन्द्रको Web Site मा राख्ने गरिएको।साथै केन्द्रमा पर्न आएका उजुरीहरुको विषयमा उजुरीको अन्तिम निरुपण भै सकेपछि सोको जानकारी माग भएको अवस्थामा मौखिक/लिखित जानकारी दिने गरिएको ।

**१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

- श्री राम आधार साह - प्रमुख अधिकृत
- श्री हरि प्रसाद शर्मा - सूचना अधिकारी

**११. सार्वजनिक निकारयको वेभसाइटः**

**www.nvc.gov.np**

**१२. सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** यस अवधिमा १ (एक) जना सूचना मागकर्तालाई नियमानुसार सूचना उपलव्ध गराइएको ।